नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२७० दायर मितिः-२०८१/११/०२**

**फैसला मितिः-२०८१/११/२७**

**वादी**

**प्रमोद कुमार पटेलको जाहेरीले**

**नेपाल सरकार..........................१**

**प्रतिवादी**

**भारत बिहार राज्य पूर्वी चम्पारण जिल्ला बेतिया थाना ढाका ग्राम पञ्चायत हरुवानी वडा नं.३ हरुवानी टोल बस्ने मदन प्रसादको छोरा वर्ष २७ को शुभम कुमार जैसवाल.........१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**<u>तथ्य-खण्ड</u>**

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका अनिल कुमार दास समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।१०।१४ गते अं.१८ः३० बजेको समयमा जिल्ला पर्सा बिरगंज महानगरपालिका वडा नं.०४ मकालु चोक स्थित रहेको सुरज होटलमा खाजा नास्ता गर्न भनी गएकोमा सोही होटलमा मेरो पर्स चोरी भएकोले प्रतिवादी शुभम कुमार जैसवाल उपर शंका लागि निजलाई फेला पारी सो सम्बन्धमा सोधपुछ गर्दा निज प्रतिवादी एक्कासी रिस आवेशमा आई मलाई अश्लिल गाली गलौज गरी अभद्र व्यवहारको कसूर गरेको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम कारबाही होस् भन्ने समेत ब्यहोराको प्रमोद कुमार पटेलको जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी जाहेरवालाको पर्स चोरी भएकोले प्रतिवादी शुभम कुमार जैसवाल उपर शंका लागि निजलाई फेला पारी सो सम्बन्धमा सोधपुछ गर्दा निज प्रतिवादी एक्कासी रिस आवेशमा आई जाहेरवालालाई गाली गलौज गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी शुभम कुमार जैसवाललाई कैद दिन १८, जरिवाना रु.८६४०/- अक्षरेपी आठ हजार छ सय चालिस र क्षतिपूर्ती शुल्क रु.३६०/- अक्षरेपी तीन सय साठ्ठी मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**<u>तपसिल खण्ड</u>**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी शुभम कुमार जैसवाललाई ठहरेको कैद दिन १८ को हकमा निज मिति २०८१/१०/१४ देखि २०८१/११/०१ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा क्षतिपूर्ती शुल्कको हकमा र.नं.२३१/२०८१/११/०२ बाट दाखिला गरेको धरौटी रकम रु.९०००/- बाट जरिवाना रकम रु.८६४०/- क्षतिपूर्ती शुल्क रु.३६०/- कट्टी गर्नु------------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ फाल्गुन महिना २७ गते मंगलवार रोज ३/ ने.सं. ११४५ चिल्लाथ्व द्वादशी, शुभम् ........